मधेश प्रदेश प्रहरी कार्यालय,जनकपुरधाम
(आर्थिक प्रशासन शाखा)

पशुपंछी आहारा पौष्टिक दाना खरिद बन्दोबस्त सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको

सूचना ! सूचना !! सूचना !!!

(गोरखापत्रमा प्रथम पटक प्रकाशित मिति २०८३।०८।०२ गते)

नेपाल प्रहरी प्रधान कार्यालय प्रशासन विभाग आन्तरिक लेखापरीक्षण शाखा काठमाण्डौको चलानी नं. ९९ मिति २०८३।०८।०१ गतेको पत्रादेशानुसार यस कार्यालय अन्तर्गत सरकारी सेवामा कार्यरत कुकुर संख्या -९ (नौ) वटाको लागि २०८३ साल माघ १ गतेबाट २०८४ साल पौष मसान्तसम्म वर्ष १ को लागी पौष्टिक दाना (आहारा) राशन खरिद बन्दोवस्त सिलबन्दी दरभाउपत्रको माध्यमबाट गर्नु पर्ने भएकोले तोकिएको स्पेशिफिकेशन बमोजिमको राशन आपुर्ती गर्न सार्वजनिक खरिद ऐन २०६३ र ऐ.नियमावली २०६४ मा व्यवस्था भए अनुरुप खरिद गर्दा अपनाउनु पर्ने कार्यविधि अपनाई निम्न बमोजिम तोकिएको शर्तमा रही पशुपंक्षीको आहारा खुवाउन ईच्छुक राशन आपुर्ति सम्बन्धी व्यवसाय गर्ने सम्बन्धित निकायमा दर्ता भएका व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले तपशिलमा उल्लेखित शर्तहरुको अधिनमा रहि शिलबन्दी दरभाउपत्र पेश गर्न हुन सर्वसाधरणको लागी यो सुचना प्रकाशित गरिएको छ ।

शर्तहरु :

१. खरिद गरिने पौष्टिक दाना आहारा (राशन) को किसिम र परिमाण तथा प्राविधिक विवरण (स्पेशिफिकेसन) लगायत अन्य शर्तहरू दरभाउपत्र सम्बन्धित कागजातमा उल्लेख भए बमोजिम हुनेछ ।

२. दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्न चाहने ईच्छुक नेपाली नागरीकले लिखित आवेदन सहित मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरमा यस कार्यालय कोड नं. ३१४०४१७०१ राजश्व शीर्षक नम्बर १४२२९ मा रु १,०००।- (एक हजार) मात्र नगद जम्मा गरेको बैक भौचर पेश गरि सूचना प्रकाशित भएको मिति २०८३/०८/०२ गते देखि मिति २०८३/०८/०८ गते मंलबार कार्यालय समय भित्र खरिद गर्न सकिने छ ।

३. शिलबन्दी दरभाउपत्र मिति २०८३ साल मंसिर ०९ गते १२:०० बजेसम्म दर्ता हुन आएका रितपूर्वकका दरभाउपत्रहरू सोहि दिनको १४:०० बजे यस कार्यालयबाट गठित पौष्टिक दाना आहारा राशन खरिद मुल्याङ्कन समिति एवम् दरभाउ पत्रदाता वा निजको आधिकारीक प्रतिनिधिको रोहवरमा खोलिने छ दरभाउपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि दरभाउ पत्र खोल्न बाधा पर्ने छैन ।

४. पूर्व निर्धारित मितिमा कारणबश दरभाउपत्र नखोलिएको अवस्थामा दरभाउपत्र जमानतको मान्य अबधिको गणना पूर्व निर्धारित मिति देखी नै गरिनेछ । दरभाउ पत्र दर्ता गर्ने, दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो कार्यहरू बिदाको लगतै पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

५. सिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मिति र समय भुक्तान हुनु अघि दरभाउ पत्रदाताले कार्यालयमा पेश गरेको दरभाउ पत्र शंसोधन गर्न वा सो फिर्ता लिन पाईने छैन ।

६. नेपाली नागरिकले पेश गरेको दरभाउपत्र मात्र मान्य हुनेछ । दरभाउपत्र फारम पेश गर्दा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,फर्म वा संस्था वा कम्पनि दर्ता प्रमाणपत्र,व्यवसाय दर्ता प्रमाणपत्र,आयकर दर्ता प्रमाणपत्र, मुल्य अभिबृद्धिकर दर्ता प्रमाणपत्र,आ.व.२०८२/०८३ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।

७. म्याद नाघी प्राप्त भएको र रित नपुगेका दरभाउपत्र उपर कुनै कारबाही गरिने छैन । सम्बन्धित कार्यालयबाट बिक्रि बितरण भएको दरभाउपत्र कागजात मात्र मान्य हुनेछ र एक व्यक्ति फर्म संस्था वा कम्पनिको नाममा खरिद गरिएको दरभाउपत्र अर्को व्यक्ति,फर्म संस्था वा कम्पनिको नामबाट पेश गर्न पाईने छैन ।

८. दरभाउपत्रसाथ आवश्यक कागजातको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्ने, प्रमाणित गर्दा नोटरी पब्लिकबाट गराउने सो बाट संभव नभएमा आफैले प्रमाणित गरीपेश गर्नु पर्नेछ । आफैले प्रमाणित गरेकोमा यस कार्यालयले सक्कल प्रति माग गरि रुजु गर्न सकिनेछ ।

९. दरभाउपत्रदाताले दरभाउपत्र सम्बन्धी कुनै कागजातमा उल्लेखित शर्तहरूको प्रतिकुल हुने गरी कुनै पनि शर्तहरू थप गर्न पाईने छैन ।

१०. सार्वजनिक खरिद अनुगमन कार्यालयले कालोसुचिमा राखेका व्यक्ति,फर्म,संस्था वा कम्पनिहरुले दरभाउपत्रमा भाग लिन पाईने छैन । कुनै दरभाउपत्रदाताले सार्वजनिक खरिद ऐन, नियमावली, खरिद सम्झौता तथा खरिद सम्बन्धित कागजातमा उल्लेख भएको दायित्व पालना नगरेमा त्यस्ता दरभाउपत्रदाताहरूलाई कालोसुचिमा राख्न सिफारिस गरिनेछ ।

११. दरभाउपत्र फाराममा उल्लेख भएका सामानको कबोल अङ्क [illegible] दर भन्दा शत प्रतिशत बढी भएमा त्यस्तो दरभाउपत्र रद्ध गर्न सकिनेछ ।

१२. दरभाउपत्रको मान्य अवधि ४५ (पैतालिस) दिनको हुनेछ । दरभाउपत्र जमानत बापत दरभाउपत्रदाताले रु.४१,०००।- (एक्चालीस हजार) मात्रको दरभाउपत्र खोलिने मिति देखि गणना हुने गरी दरभाउपत्रको मान्य अवधि भन्दा ३० (तीस) दिन बढी अर्थात ७५ (पच्चतर) दिन मान्य रहने गरी नेपाल राष्ट्र बैकबाट (क) वर्गको ईजाजत प्राप्त वाणिज्य बैंकबाट जारी भएको बैक जमानत वा कोष तथा लेखा नियन्त्रक कार्यालय धनुषाको नाममा राष्ट्रिय वाणिज्य बैक शाखा कार्यालय जनकपुरमा रहेको मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरको कार्यालय कोड नम्बर ३१४०४१७०१ धरौटी खाता नं.१२२०१००१०२०३०००० मा नगद जम्मा गरेको सक्कल बैक भौचर दरभाउपत्रसाथ संलग्न राख्नु पर्ने छ ।

१३. सम्भव भएसम्म दरभाउपत्रदाताहरुले दरभाउपत्रसाथ अघिल्ला ३ (तीन) आ.व.हरू २०८०/२०८१ , २०८१।०८२ र २०८२।०८३ मध्ये कुनै एक आ.व.मा कुनै सरकारी निकाय वा निजि संस्थाहरुमा सन्तोषजनक रूपमा राशन आपुर्ति गरेको वा गरिरहेको कार्य अनुभवको प्रमाणित कागजातहरू पेश गर्नु पर्ने छ र उक्त कार्य अनुभव गणना गर्दा दरभाउपत्रदाताले कबोल गरेको अंकको कम्तिमा ५०% रकम बराबर हुनुपर्ने छ ।

१४. राशन पौष्टिक दाना (आहारा) आपूर्ति गर्ने करार अवधी भित्र कुनै किसिमको मुल्य बृद्धि दिईने छैन ।

१५. दरभाउपत्र सम्बन्धी कागजातमा कुकुर दानाको दररेट भर्दा प्रतिदिनको बोलअंक भर्नु पर्नेछ । दररेट भर्दा दरभाउपत्रमा मुल्य अभिबृद्धीकर बाहेकको दररेट अंक र अक्षरमा प्रष्ट खुलाई पेश गर्नु पर्नेछ । अंक र अक्षर बीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ । केरमेट वा टिपेक्सको प्रयोग भएमा दरभाउपत्रदाताको सहिछाप हुनु पर्नेछ ।

१६. सिलबन्दि दरभाउपत्र मुल्याङ्कन कार्यविधी चार चरणमा गरिनेछ । अघिल्लो चरणको मुल्याङ्कनमा असफल भएको दरभाउपत्रलाई पछिल्लो चरणको मुल्यङ्कनमा समावेश गराईने छैन ।

(क) कानुनि ग्राहयताको आधार

(ख) पुर्णताको परीक्षण

(ग) सारभुत रूपमा प्रभावग्राहिताको परीक्षण

(घ) अन्य मुल्याङ्कन ।

१७. दरभाउपत्र खोलेको मितिले ७ दिन भित्र दरभाउपत्र स्विकृत गर्ने आशयको सूचना/जानकारी दरभाउपत्रदातालाई दिईनेछ । सबै भन्दा कम अंक बोलकबोल गर्ने दरभाउपत्रदाताको दरभाउपत्रलाई स्विकृतको लागि छनौट गरि सो को जानकारी सम्बन्धित दरभाउपत्रदाता लगायत सबै दरभाउपत्रदाताहरुलाई दिईनेछ । सम्बन्धीत कसैलाई चित्त नबुझेमा ७ (सात) दिन भित्र लिखित रूपमा यस कार्यालयका कार्यालय प्रमुख समक्ष निवेदन दिन सकिनेछ, अन्यथा छनौट भएको दरभाउपत्र स्विकृत गरिनेछ ।

१८. दरभाउपत्र स्वीकृत गर्ने, वा नगर्ने सम्पूर्ण अधिकार यस मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरमा सुरक्षित रहने छ । दरभाउपत्र स्विकृत भई खरिद सम्झौताको लागि आउँदा दरभाउपत्र साथ नगद जम्मा गरेको सक्कल बैक भौचर पेश गरेको भए वार्षिक कबोल अंकको ५% ले नपुग हुने (मु.अ.कर सहित थप) नगदै रकम कोष तथा लेखा नियन्त्रक कार्यालय धनुषाको नाममा राष्ट्रिय वाणिज्य बैक शाखा कार्यालय जनकपुरमा रहेको मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरको कार्यालय कोड नं. ३१४०४१७०१ धरौटी खाता नं. १२२०१००१०२०३०००० मा नगद जम्मा गरेको सक्कलै बैक भौचर पेश गरि वा ईजाजत प्राप्त वाणिज्य बैकबाट जारी भएको वार्षिक कबोल अंकको ५% (मु.अ.कर सहित) रकम बराबरको कार्य सम्पादन जमानत पौष्टीकदाना आहारा राशन सम्झौता अवधी भन्दा कम्तिमा १ (एक) महिना बढी अर्थात २०८३ साल माघ १ गते देखि १३ महिना मान्य अवधि भएको कार्य सम्पादन जमानत पत्र पेश गरे पछि मात्र सम्झौता गरी गराई सम्झौता पत्र र कार्यादेश पत्र दिईनेछ ।

१९. पेश्की लिनको लागी खरिद सम्झौतामा उल्लेख भएको पेश्कि फछ्यौट गर्नु पर्ने अवधी भन्दा कम्तिमा १ (एक) महिना बढि अवधी (श्रावण मसान्त वा माघ मसान्त) मान्य हुने ईजाजत प्राप्त वाणिज्य बैकबाट जारी भएको बैक जमानत पेश गर्नु पर्नेछ । पेश्की तथा भुक्तानि रकम कारणवश: समयमा उपलब्ध हुन नसेकेमा पनि पौष्टिकदाना आहारा (राशन) आपुर्ति निरन्तर रूपमा गर्नु पर्नेछ ।

२०. पशुपंक्षी आहारा कुकुर दानाको खरिद सम्झौता भए पछि मात्र अन्य अस्विकृत दरभाउपत्रदाताहरूको धरौटी रकम नियमानुसार फिर्ता र फुकुवा गरिनेछ ।

२१. प्रत्येक महिनाको रनिङ बिलबाट भुक्तानि अंकको १.५% अग्रिम आयकर बापत हुने रकम कट्टा गरी कर कार्यालयमा दाखिला गरिने छ भने ५% रकम धरौटी बापत कट्टा गरिनेछ । कट्टा भएको धरौटि रकम राशन खरिद सम्झौता अवधि समाप्त भए पछि गत आ.व. को कर चुक्ता प्रमाण पेश गरेमा ५०% र बाँकि ५०% प्रतिशत सम्बन्धित कार्यालयबाट कर तथा मुल्य अभिवृद्धिकर समायोजन लगायत अन्य सम्पुर्ण हिसाब फरफराक (किल्यारेन्स) भएको पत्र प्राप्त भए पछि मात्र फिर्ता दिईनेछ ।

२२. पशुपंक्षीको आहारा आपुर्तिकर्ताले नमुना तथा स्पेशिफिकेशन बमोजिमको राशन आपुर्ती गर्न नसकेमा वा तोकिएको प्रहरी युनिटमा राशन आपुर्ती गर्न नसकी राशन खाने खुवाउने तर्फ कुनै बाधा व्यवधान भएमा सो उपर प्रचलित ऐन नियम बमोजिम कारवाही उठाई खरिद सम्झौता रद्ध गरिनेछ । त्यसरी रद्ध हुंदा कार्य सम्पादन जमानत जफत गर्नको साथै बाँकी अवधीको लागी थप दायित्व सिर्जना भएमा आपुर्तीकर्ताबाट असुल उपर गरिनेछ ।

२३. अन्य व्यवसायको लागी दर्ता भएका व्यक्ति वा फर्म, संस्था वा कम्पनिले खाद्य सामाग्री आपुर्तिको लागि पनि अनुमित थप भएको प्रमाणपत्रपत्रको प्रमाणित प्रतिलिपी अनिर्वाय रूपमा पेश गर्नु पर्नेछ।

२४. हुवानी खर्च आपुर्तीकर्ता स्वयमले व्यहोर्नु पर्नेछ र आपुर्तीकर्ताबाटै पौष्टिक दाना आहारा राशन आपुर्ती गर्नु पर्नेछ।

२५. रासन पौष्टिक दाना (आहारा) प्राविधिक विवरण (स्पेशिफिकेसन) वमोजिम गुणस्तर युक्त र नेपाल सरकारले तोकेको मापदण्ड भित्रको हुनु पर्नेछ र कम्तिमा १ (एक) के.जी. शिलप्याक गरी दरभाउपत्रदाताले नमुना पेश गर्नु पर्नेछ।

२६. राशन सम्झौता अवधिभर ५०% प्रतिशत कुकुर खपघट भएमा स्वीकृत कबोल दरेरट अनुसार नै राशन आपुर्ती गर्नु पर्ने छ कारणवस अर्को आ.व.को लागी राशन खरिद बन्दोबस्त नभएसम्म आफुले बोल कबोल गरेको चालु राशन दरेरटमा नै अर्को व्यवस्था नभए सम्मको लागी नियमित रुपमा राशन आपुर्ती गर्नु पर्नेछ।

२७. दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको प्रस्तावित खरिद कार्यहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनि लिखित रुपमा गरेको घोषणापत्र दरभाउपत्रसाथ पेश गर्नु पर्ने। दरभाउपत्र सम्बन्धि कागजातको निवेदनमा दस्तखत भएमा छुट्टै राख्न नपर्ने।

२८. राशन खरिद बन्दोबस्त सार्वजनिक खरिद ऐन २०६३ र ऐ नियमावली २०६४ तथा अन्य सम्बन्धित प्रचलित ऐन नियमावली र माथि उल्लेखित शर्तहरुको अधिनमा रहि गर्नेछ।

३०. दरभाउपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्नु परेमा वा दरभाउपत्र सम्बन्धी कागजात हेर्नु परेमा कार्यालय समय भित्र मधेश प्रदेश प्रहरी कार्यालय जनकपुर आर्थिक प्रशासन शाखामा सम्पर्क राख्न सकिने छ।

३१. पशुपंक्षीको आहारा राशन आपुर्तीकर्ताले राशन आपुर्ती गर्नु पर्ने प्रहरी ईकाई र राशन खाने कुकुर सख्या:

सि.न.	कार्यालयको नाम	कुकुर संख्या	राशन सप्लाई गर्नु पर्ने स्थान	के
१	मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधाम	९ (नौ) वटा	मधेश प्रदेश अन्तर्गतका जिल्लाहरु धनुषा/पर्सा	
जम्मा		९ (नौ) वटा		

३२. पशुपंक्षी आहाराको विस्तृत प्राबिधिक विवरण (स्पेशिफिकेशन) यस प्रकार छ।

SPECIFICATIONS FOR ADULT AND PUPPY DRY DOG FOOD

The minimum and maximum nutritional, frieral and safety requirements for dry dog food shall be as follows:

S.N	Parameter/Feature	Unit/DM Basis	Requirement for puppies (Minimum)	Requirement for adult dog (Minimum)	Maximum limit/Requirement	Remarks
A. Proximate Composition Requirements						
1	Moisture	%	-	-	11	
2	Crude Protein	%	26	24	-	
3	Crude Fat	%	11	11	-	
4	Crude Fiber	%	-	-	5	
5	Total Ash	%	-	-	10	
B. Nutrient Requirements:						
1	Calcium	mg/kg	10000	6000	-	
2	Phosphorous	mg/kg	7000	5000	-	
3	Potassium	mg/kg	4000	4000	-	
4	Magnesium	mg/kg	600	600	-	
5	Iron	mg/kg	80	60	-	
6	Copper	mg/kg	12	7	-	
7	Zinc	mg/kg	100	80	-	
C. Vitamin Requirements						

1	Vitamin A	IU/kg	5000	5000	250000	
2	Vitamin D	IU/kg	600	500	3000	
D. Contaminant & Microbiological Safety Requirements.						
1	Aflatoxin	Ppb	-	-	10	

*DM- Dry Matter

Other additional features and requirements:

- The dry dog food shall be nutritionally complete and balanced and shall contain all essential nutrients required for respective life stages, including appropriate proportions of essential amino acids, minerals, vitamins and essential fatty acids. The bidder shall comply with these extra nutritional requirements.
- The dry dog food shall be available in separate formulations suitable for puppies and active/working adult police dogs.
- The product shall be of high nutritional and manufacturing quality, safe for consumption, highly digestible and palatable, and suitable for regular feeding.
- The product shall have an appropriate shelf life, with adequate stability of nutrients and product quality throughout the stated shelf-life period when stored under the manufacturer's recommended conditions.
- **For Diseased and Malnourished Condition**: Dietary requirements for diseased or malnourished working adult dogs and puppies shall be determined based on the diagnosed health condition, nutritional deficiencies, body condition score (BCS), physiological requirements and overall health status. Where indicated, an appropriate therapeutic/prescription diet or specially formulated ration shall be provided as per the prescription or recommendation of the Veterinary doctor.

पुनश्च:- सामान्य कुकुर र प्रहरी सेवामा कार्यरत (अनुसन्धान तथा सुरक्षात्मक कार्यमा प्रयोग हुने) कुकुरको कार्य प्रकृती धेरै फरक भएको र प्रहरी सेवामा कार्यरत कुकुर कार्य प्रकृतिको आधारमा दैनिक अभ्यास तथा विभिन्न चुनौतीपुर्ण कार्यहरुमा प्रयोग हुने हुँदा कुकुरको लागी उच्च गुणस्तरको पौष्टिक आहारको अभावमा कुकुरको शारिरीक विकास तथा स्वास्थ्यमा समेत प्रतिकुल प्रभाव पर्न गई कुकुरले आफ्नो दैनिक कार्य राम्रोसंग गर्न नसक्दा प्रहरी अनुसन्धान तथा सुरक्षामा समेत प्रत्यक्ष असर पर्ने हुनाले यो राशन स्पेशिफिकेसन तयार गर्दा कुकुरको शारिरीक विकास, स्वास्थ्य र कुकुरले गर्ने दैनिक अभ्यास तथा कार्यलाई आधार मानि एक क्रियाशील प्रहरी कुकुरको लागि दैनिक रुपमा आवश्यक पर्ने सम्पुर्ण पौष्टिक तत्वहरु समावेश हुने गरी उच्च क्वालोरीयुक्त पौष्टिक आहारलाई विशेष जोड दिईएको छ। साथै बिरामी र साना बच्चा कुकुरको लागी समेत आवश्यक पौष्टिक आहार खरिद गरिने छ।

पशुपक्षी आहारा राशनको आवश्यकता सम्बन्धी तालिका:

सि.न	राशनको विवरण	प्रतिदिन प्रति कुकुरको स्केल	वार्षिक कुकुर संख्या ३२८५ लाई चाहिने आहार दाना के.जि.मा	छोटकरी स्पेशिफिकेशन	के.
१	Dog Food Gemon,Reflex,& Proline.	६०० ग्राम	१९७१ के.जि.	तयारी पौष्टिक ताजा, दाना	

कार्यालय प्रमुख
(ओम प्रसाद अधिकारी)
प्रहरी नायब महानिरीक्षक